गण्डकी राजपत्र

# गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : १ संख्या : ६ मिति : २०७४/११/१६

## भाग : १
## गण्डकी गाउँपालिका

## <u>गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४</u>

**प्रमाणीकरण मिति :** २०७४/११/१६

**<u>प्रस्तावनाः</u>** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गण्डकी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन गण्डकी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ सम्भन्नु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले गण्डकी गाउँ  कार्यपालिका सम्भन्नु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिका सम्भन्नु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२  बमोजिमको गाउँसभा सम्भन्नु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्भन्नु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गण्डकी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही गण्डकी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

**आज्ञाले,**
**देवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**